सुचनाको हक सम्बन्धि एन २०६४ को दफा ५(३) तथा सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

**स्वतः प्रकाशन**

सूचना सार्वजनिक गर्ने निकायको नामः स्वास्थ्य कार्यालय बागलुङ

सूचना सार्वजनिक गरेको अवधिः २०८० कार्तिक-पौष

१. कार्यालयको स्वरुप प्रकृति

नेपाल संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि संविधानत तीन तहको शासन व्यवस्थाको प्रावधान रहेको छ। गण्डकी प्रदेशका जिल्लाहरुमा संघ, प्रदेश र स्थानीय तहसंग समन्वय गर्दै तोकिए वमोजिम स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले प्रदेश तहको स्वास्थ्य कार्यालय स्थापना गर्ने निर्णय भए वमोजिम स्वास्थ्य निर्देशनालय मातहतको कार्यालयको रुपमा गण्डकी प्रदेशका सबै जिल्लामा स्थापना भएका स्वास्थ्य कार्यालयहरु मध्यको एक स्वास्थ्य कार्यालय बागलुङ हो। यस जिल्लामा ४ नगरपालिका तथा ६ गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन। गण्डकी प्रदेशमा आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाका साथै स्वस्थ जीवनशैली परिवर्तनका लागि स्वास्थ्य सेवा प्रवाह हुँदै आइरहेको छ । स्वास्थ्य सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि प्रदेश सरकार मातहतमा जिल्लामा स्वास्थ्य कार्यालय, जिल्लास्तरिय अस्पताल र आयुर्वेद स्वास्थ्य औषधालय/जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेका छन् । त्यस्तै, स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लाका सबै स्थानीय स्तर मातहतमा आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिकहरु सञ्चालनमा रहेका छन् । स्वास्थ्य कार्यालय विशेषतः स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसँग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशानुसार कार्यसम्पादन गर्ने निकायको रुपमा रहेको छ ।

२. कार्यालयको कार्य जिम्मेवारी

प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने।

कार्यक्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तरीय एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा वितरण योजना मासिक, त्रैमासिकचौमासिक, अर्धवार्षिक, वार्षिकगरि कार्यन्वयन गर्ने।

जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपदमहामारी व्यवथापन, सहजीकरण र समन्वय गर्ने।

जनस्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने।

स्थानीय सरकार र स्वास्थ्य निकायहरु बिच समन्वय गर्ने।

एकीकृत स्वास्थ्य सुचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने।

स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने।

सरकारी, निजि, सहकारी द्वारा संचालित स्वास्थ्य संस्थाहरु, कर्मचारीहरुको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सम्बन्धी कार्य गर्ने।

संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, विमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाइले, पोषण, दादुरा खोप, लगायत अन्य विशेष कार्यक्रमहरुको संचालन, समन्वय र सहजीकरण गर्ने।

वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्धन एवं व्यवस्थापन कार्य गर्ने।

जनसंख्या व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने।

• बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने।

आन्तरिक प्रशासन आर्थिक), प्रशासनिक, व्यवस्थापनसम्बन्धी कार्य गर्ने।

३. कार्यालयको कर्मचारी विवरण

जम्मा दरबन्दी -१४ जना, पदपूर्ति - १३ जना, रिक्त - १ जना

४. कार्यालयबाट प्रदान गरिने सेवा

. कार्यालयको जिम्मेवारीमा उल्लेख गरे बमोजिम

५. सेवा प्रदान गर्ने शाखा र कर्मचारी

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर

प्रचलित कानुन बमोजिम

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

. कार्यालय प्रमुख

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

. कार्यालय प्रमुख

९. कार्यालयबाट सम्पादित क्रियाकलापहरु

कार्तिक

- न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम" अन्तर्गत पारस्परिक अवलोकन भ्रमण
- पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण सम्बन्धि अभिमुखीकरण कार्यक्रम
- VCAT (Value Clarification and Attitude Transformation on Safe Abortion) अभिमुखिकरण
- गलकोटमा स्वास्थ्य संस्थाको अनुगमन
- मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य बिषयक अन्तरक्रियात्मक कार्यक्रम
- आँखा,नाक,कान,घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार अभिमुखिकरण कार्यक्रम
- विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (इएचएमआइएस) सफ्टवेयर सम्बन्धी २ दिने अभिमुखीकरण
- भूकम्प प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी तथा औषधी सहयोग
- (MNH) onsite coaching

मंसिर

- किटजन्य रोगग सम्बन्धि स्थलगत अनुशिक्षण कार्यक्रम
- MNH Readiness Assessment र अनुशिक्षण कार्यक्रम
- बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा क्षयरोग(TB) परिक्षण गर्ने अत्याधुनिक जिन एक्सपर्ट मेसिन जडान
- eHMIS सम्बन्धि अभिमुखिकरण
- "विश्व प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance) सचेतना सप्ताह"
- MNH onsite coaching तथा गुणस्तर सुधार कार्यक्रम
- (RMNCAH) सेवाको Web Based Tracking system सम्बन्धि अभिमुखीकरण कार्यक्रम
- पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण कार्यक्रम
- खोप ढुवानीकर्ताहरुको एक दिने अभिमुखिकरण गोष्ठी
- ३६औं बिश्व एड्स दिवस
- २० औं स्वास्थ्य स्वयंसेविका दिवस
- पोषण कार्यक्रमको वार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम
- पोषण सम्बध्द सरोकारवालासंग पैरवी बैठक तथा अन्तरक्रिया

- क्षयरोगको ईटिवि मास्टर रजिष्टर सम्बन्धि २ दिने तालिम
- "जिल्ला स्तरिय खानेपानी गुणस्तर सर्भिलेन्स समिति बागलुङ, २०८०" गठन
- स्वास्थ्यकर्मीहरुका लागि नसर्ने रोग सम्बन्धि ४ दिने तालिम
- न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम
- बागलुङको नारायणस्थान स्वास्थ्यचौकी पोषणमैत्री घोषित

पौष

- बागलुङका १० स्थानीय तहमा पूर्ण सस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान सम्बन्धि प्रशिक्षक प्रशिक्षण सम्पन्न
- बागलुङका १० स्थानीय तहमा पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न
- खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई ४ दिने आधारभूत तालिम
- न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम
- पोषण पैरवी वैठक
- RRT, महामारी र SORMAS समबन्धि अभिमुखिकरण कार्यक्रम

१०. कार्यालयको सुचना अधिकारी र कार्यालय प्रमुख

सुचना अधिकारीः घनश्याम सापकोटा

पदः तथ्यांक अधिकृत

फोन नम्बरः ९८५७६२२०२५

कार्यालय प्रमुख : बाबुराम आचार्य

पदः जनस्वास्थ्य प्रशासक

फोन नम्बरः ९८५७६२२७८८

११. एन नियम कानुनको सूची

.नेपालको संबिधान २०७२

. जनस्वास्थ्य सेवा एन २०७५

.स्वास्थ्य सेवा ऐन २०५३

. प्रदेश खर्चको मापदण्ड २०७९

. कार्यक्रम संचालन मापदण्ड प्रदेश समानीकरण

.कार्यक्रम संचालन मापदण्ड संघ

१२. कार्यालयको वेभसाईटको विवरण

www.hobaglung.gandaki.gov.np

१३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहयाता

. नरहेको

१४. कार्यालयको प्रगति प्रतिवेदन

वार्षिक समिक्षा

वार्षिक प्रगति प्रतिवेदन

१५. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली

. नरहेको

१६. कार्यालयमा परेको सुचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण

नरहेको

१७. कार्यालयको सुचना अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

. वार्षिक समिक्षा

. वार्षिक प्रगति प्रतिवेदन